# खत्याड गाउँपालिका

# स्थानीय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः १३** **मितिः २०८२।१२।२७**

## भाग-२

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको १११ औ बैठकले " **बाख्रा प्रर्वद्धन कार्यक्रमको कार्यविधि,२०८२**" स्वीकृत गरेको छ ।

आज्ञाले,
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका, मुगु

# बाख्रा प्रर्वद्धन कार्यक्रमको कार्यविधि,२०८२

(कार्यपालिकाबाट स्वीकृत २०८२/१२/२६)

**प्रस्तावनाः**

मुलुकको अर्थतन्त्रमा महत्वपुर्ण योगदान ओगटेको पशुपालन व्यावसायलाई व्यवस्थित, मार्यादित एवं व्यावसायिक बनाउदै स्वच्छ,स्वस्थ्य एंवम गुणस्तरिय पशुपंक्षीजन्य उत्पादनहरू आम उपभोक्ता समक्ष सहज रूपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि स्थानीय सरकार खत्याड गाउँपालिकाको बार्षिक निति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम खत्याड गाउंपालिकाका मातहत रहेको पशु सेवा शाखाबाट संचालन हुने बाख्रा पकेट क्षेत्र प्रर्वद्धन कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यन्वयन गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम खत्याड गाउँपालिका,गाउँ सभाले दिएको अधिकार प्रयोग गरि खत्याड गाउँपालिकाले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बनाई लागु गरेको छ ।

## परिच्छेद १
प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **बाख्रा प्रर्वद्धन कार्यक्रम संचालन कार्यविधि ,२०८२** रहेको छ ।

(२) यो कार्यविधी स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधी खत्याड गाउँपालिका भर लागु हुनेछ ।

## परिच्छेद २
### परिभाषा

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

**क. गाउँपालिकाः** भन्नाले खत्याड गाउँपालिकालाई सम्झनुपर्दछ ।

**ख. शाखाः** भन्नाले खत्याड गाउँपालिका पशु सेवा शाखा लाइ सम्झनु पर्छ ।

**ग. अध्यक्षः** भन्नाले खत्याड गाउँपालिकाको अध्यक्षलाइ सम्झनुपर्दछ ।

**घ. उपाध्यक्षः** भन्नाले खत्याड गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनुपर्दछ ।

**ङ. वडा अध्यक्षः** भन्नाले खत्याड गाउँपालिकाका ११ वटै वडा अध्यक्षहरूलाइ सम्झनुपर्दछ ।

**च. प्रमुख प्रशासकीय अधिकृतः** भन्नाले खत्याड गाउँपालिका, गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ।

**छ. शाखा प्रमुखः** भन्नाले खत्याड गाउँपालिका अन्तरगत रहेको पशुसेवा शाखाको प्रमुखलाइ सम्झनु पर्दछ ।

**ज. वडा कार्यालयः** भन्नाले खत्याड गाउँपालिकाका वडा कार्यायलहरूलाइ सम्झनुपर्दछ ।

**झ. फार्मः** भन्नाले व्यावसायिक रूपमा एकल किसिमका समुह रहेका पशु/पन्छी /मत्स्य पालन गरेको स्थानमा रहेको संरचना सम्झनु पर्दछ ।

**ञ. पशुपन्छीः** भन्नाले गाई/गोरू, भैंसी /राँगा, भेडा/बाखा, बंगुर/संगुर,खरायो, हाँस /कुखुरा/कालिज र जंगली जनावर सम्झनुपर्दछ ।

**ट. व्यवसायीः** भन्नाले कृषि तथा पशुपंक्षी पालन पेशामा आवद्ध भइ व्यवसायिक रूपमा कृषि,बाली तथा पशुपंक्षी ,माछा,मौरीपालन तथा जडिवुटि लगाएतका कृषि व्यवसाय गर्ने कृषि उद्यमि र निजि फार्म समेत बुझ्नुपर्छ ।

**ठ. समुह/समितीः** भन्नाले स्थानिय तहमा वा कानुन बमोजिम दर्ता / सुचिकृत भएका पशुपंक्षी पालक समुह/समितिहरू लाइ सम्झनु पर्दछ ।

**ड. लागत साझेदारी / निजि साझेदारी / निजि क्षेत्रको साझेदारी / सहकार्य** भन्नाले कार्यक्रम सञ्चालन गर्दा गरिने दुई पक्षको सम्झौतामा दोस्रो पक्षको अनिवार्य वित्तिय दायित्वको सुनिच्श्रितता भएको सम्झनु पर्दछ ।

खत्याड गाउँपालिका, मुगु

**ढ. बोकाः** भन्नाले बाख्राको भाले जाति जुन कम्तिमा १ बर्ष उमेरकोलाई बुझ्नुपर्दछ ।सो शब्दले स्थानिय तथा उन्नत जातको बोकालाई समेत बुझाउँछ ।

**ण. बाख्राः** भन्नाले प्रजनन् योग्य जुन कम्तिमा १ बर्ष उमेरकोलाई बुझ्नुपर्दछ । सो शब्दले स्थानिय तथा उन्नत जातको बाख्रालाई समेत बुझाउँछ ।

## परिच्छेद ३

**३) उदेश्यः** पशुपंक्षी विकास सञ्चालन कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

१) बाख्राको संख्या बृद्धि गरि पालिका कै कुल खसी बोकाको निर्यात संख्या बढाई आम्दानी बृद्धि गर्ने ।

क) यस खत्याड गाउँपालिकामा आय आर्जन तथा रोजगारीका अवसर सिर्जना गरी पशुपालक कृषकहरूको व्यबसायमा टेवा पुर्याइ बचत सुनिश्चित गर्ने ।

ख) बाख्राको नश्ल सुधार गरि पशु उत्पादनमा बृद्धि गर्ने ।

ग) पशुपालन क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा टेवा पुर्याउने ।

## परिच्छेद ४
## छनौट प्रक्रिया

**४.छनौट समिती**

छनौट समिती देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक १ जना |
| ख) आर्थिक विकास समितिको संयोजक | सदस्य १ जना |
| ग) योजना शाखा प्रमुख | सदस्य १ जना |
| घ) जिन्सी शाखा प्रमुख | सदस्य १ जना |
| ङ) पशु सेवा शाखा प्रमुख | सदस्य सचिव १ जना |

**५.छनौट समितीको काम कर्तव्य र अधिकारः** छनौट समितीको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ,

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहिको प्राथमिकरण गर्ने,

ख) लाभग्राहिको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

घ) समितिको बैठक सम्बन्धि प्राबधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

खत्याड गाउँपालिका, मुगु

## ६.छनौट प्रक्रिया

१) रित पुर्वक पेश हुन आएका आबदेकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) छनौट भएका आबेदनहरु स्वीकृतिका लागि पशु सेवा शाखाले समिति समक्ष पेश गर्नेछ ।

३) समितिमा प्राप्त निबेदन उपर छलफल गरि समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ ।(अनुसुचि २ अनुसार)

४) महिला,निम्न आय,उत्पिडित र दलितलाई प्राथमिकता दिइनेछ ।

# परिच्छेद ५

### कार्यक्रम संचालन

## ७.संचालन बिधि

क) आबेदन पेश गर्नका लागि कम्तिमा १५ दिन को सार्बजनिक सूचना प्रकाशन गरिनेछ ।

ख) आवेदकले अनुसूची १ बमोजिमको निबेदन र कागजात पेश गर्नुपर्नेछ ।

ग) स्थलगत अनुगमन,मुल्यांकन तथा सम्बन्धित प्राबिधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुदानग्राही छनौट गर्नेछ ।

घ) छनौट भएका कृषि फर्म,कृषक समूह र सहकारी संग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ङ) तोकियको समय अबधिभित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अन्य कृषकलाई कार्यक्रम प्रदान गरिनेछ ।

च) बाख्रा तथा बोका वितरण कार्यक्रम अन्तर्गत ८० प्रतिशत अनुदानमा गाउँपालिकको तर्फ बाट र बाकी २० प्रतिशत अनुदानग्राही कृषि फर्म,कृषक समूह र सहकारीले व्यहोर्ने गरि बाख्रा तथा बोका वितरण गरिनेछ ।

# परिच्छेद ६

### विविध

**८. अनुगमनः-**खत्याड गाउँपालिकाबाट नियमित अनुगमन गरिनेछ ।अनुगमनका क्रममा अनुदान प्राप्त गरि व्यावसाय संचालन गर्दा सम्झौता अनुसार नगरि बिचैमा सम्पुर्ण बाख्राबोका हटाएको पाईएमा कानुन अनुसार कार्वाही हुनेछ ।

**९. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउः** यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आईपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

**११. संशोधनः** यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट थपघट,हेरफेर वा संशोधन गर्न सकिनेछ ।

खत्याड गाउँपालिका, मुगु

अनुसुचि- १

(दफा ७ ख संग सम्बन्धित)

(अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा)

श्रीमान् पशु शाखा प्रमुख ज्यू
खत्याड गाउँपालिकाको कार्यालय
रामतडी,मुगु

**विषयः बाखा प्रर्वद्धन कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।**

प्रस्तुत विषयमा यस खत्याड गाउँपालिका,पशु शाखाबाट मिति ..................................मा प्रकाशित सुचना अनुसार ........................

शिर्षकको वितरण कार्यक्रममा सहभागि हुन तपशिलका कागजात संलग्न गरि आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरूः**

१) आवेदकले आफुले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

२) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको सिफारिस पत्र ।

३) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि एक प्रती ।

४) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी एक प्रती ।

५) समुह वा संस्थाको हकमा कार्यसमितिको वैठकको अनुदान माग गर्ने निर्णयको प्रतिलिपि ।

६) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिमा कम्तिमा ५ वर्षका लागी भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।

७) कार्यक्रम संचालन हुने आर्थिक बर्षको सम्पति कर तथा भुमिकर तिरेको रसिदको प्रतिलिपि ।

८) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।

खत्याड गाउँपालिका, मुगु

अनुसुची -२

(दफा ६ ग संग सम्बन्धित)

| क स. | कार्यक्रम छनौट तथा मुल्यांकनका आधारहरू | अंक |
|---|---|---|
| १ | कृषक छनौटका आधार | - विपन्न दलिद एकल महिला १५<br>- घाँस खेति गरेको ५<br>- आर्थिक रुपमा विपन्न १०<br>- पिछडिएको वर्ग ५ |
| २ | फार्मको क्षेत्रफल | ०.५ रोपनिका लागी ५<br>०.५ रोपनि देखी १ रोपनि सम्म १०<br>१ रोपनि भन्दा बढी १५ |
| ३ | सम्बन्धित विषयमा तालिम लिएको | ७ दिन भन्दा कमको ५<br>७ दिन भन्दा बढिको १५ |
| ४ | अनुदान लिए/ नलिएको | अनुदान लिएको ५<br>अनुदान नलिएको १० |
| ५ | लक्षित वर्ग | सिमान्तकृत १५,दलित र जनजाति १०,अन्य ५ |
| ६ | प्रस्तावकको मुख्य पेशा | मुख्य पेशा भएमा ५<br>सहायक पेशा भएमा ३ |
| ७ | फर्म दर्ता भएको | ३ वर्ष भन्दा बढि भएको १०<br>१ बर्ष देखी ३ भएको ५<br>१ बर्ष भन्दा कम भएको ३ |

खत्याड गाउँपालिका,

अनुसचि -३

प्रस्ताव पत्र

**१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण**

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम(कुनै एकमा चित्र लगाउने) | १.कृषक समुह<br>२.सहकारी<br>३.दर्तावाला फर्म<br>४.कृषक |
| प्रोपराइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| स्थाइ लेखा नं | |
| संस्थाको मुख्य उदेश्य | |
| कार्यक्रम सन्चालन हुने स्थान | |
| विगत २ वर्षमा खत्याड गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

**२. हालको व्यवसायिक विवरण**

| क स | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**३.क्रियाकलाप विवरण**

| क स | क्रियाकलाप विवरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरिएको | | | |

**४.कार्यक्रम संचालनबाट प्राप्त उपलब्धिहरूः**

**५.बजार योजनाः**

**६.नविनतम सोच र दिगोपनाः**

खत्याड गाउँपालिका, मुगु

## अनुसुचि-४

### सम्झौता पत्र

श्री खत्याड गाउँपालिका(यस पछि पहिलो पक्ष भनिने मानिने) र.......................................................यसपछि(दोस्रो पक्ष)

मानिने को संयुक्त प्रयासबाट बाख्रा पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम संचालनका लागी तपशिलका शर्तहरू समेत पालना गर्नका लागी प्रथम पक्ष र दोस्रो पक्षका बिच तपशिल बमोजिमको सहमति भइ सहकार्यमा कार्य गर्न गराउन मन्जुर छौ ।

तपशिल

१.दोस्रो पक्षले आवश्यक लागत रकम ७ दिनभित्र खत्याड गा.पा पशु शाखामा जम्मा गर्नुपर्नेछ ।

२.प्राकृतिक प्रकोप,महामारि रोग या अन्य कुनै कारणवस बाख्रा तथा बोकाको मृत्यु भएमा पशु सेवा शाखालाइ जानकारि गराइ मुचुल्का उठाएर मात्र नष्ट गर्न पाइनेछ ।

३. बाख्रालाई पशुसेवा शाखाले ट्यागिङ्ग गरि चिन्नात्मक गरीने छ ।

४. कुनै कारण बस ट्याग हराएमा तुरून्त पशुसेवा शाखामा जानकारि गराउनुपर्नेछ ।

५. संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाईएमा पहिलो पक्षले तोकिएको अबधीसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

६. यस कार्यक्रम लाई कम्तिमा ५ (पाँच) बर्ष सम्म फार्मले निरन्तरता दिनु पर्ने छ ।

७. फार्म धनिको लापरवहीका कारण समयमा कार्य सम्पन्न नभई हानी नोक्सानी हुन गएमा त्यसको सम्पुर्ण जिम्मेवारी सोही फार्मको हुनेछ ।

८. बाख्राको नियमित उपचार तथा खोप कार्यको लागि पशुसेवा शाखासंग समन्वय तथा सहकार्य गर्नु पर्ने छ ।

९. प्राप्त भएको बाख्रा बोकालाई प्रत्येक १ वा २ बर्षमा पशु सेवा शाखाको सहमति लिई छनौट भएका फार्मसंग साटासाट गर्नुपर्नेछ

१०.यो सम्झौता मिति..................... देखि...................................सम्म लागु हुनेछ ।

११.यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र उल्लेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| **प्रथम पक्षः** | **रोहवर** | **दोस्रो पक्षः** |
|---|---|---|
| नामः | क) | नामः |
| पदः | ख) | पदः |
| संस्थाको छापः | ग) | संस्थाको छापः |
| मितिः | | मितिः |

खत्याड गाउँपालिका, मुगु